"समृद्ध गाउँपालिका र सुखी जनता"

# माईजोगमाई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## नयाँबजार, इलाम ।
१ नं. प्रदेश, नेपाल ।

रेड पाण्डा

☎ ०२७४११०४४
✆ ९८५२६८५५२१
✆ ९८४२६४७१४१

पत्र संख्या:- ०७८/०७९
च.न:-

माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रदेश नं. १ नयाँबजार, इलाम

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः२०७८/०७/२३)

यस माईजोगमाई गाउँपालिकाको निर्णयानुसार गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत तपशिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | कैफियत |
|---|---|---|---|
| ०१/०७८/०७९ | उद्यम विकास सहजकर्ता | २ (दुइ) | |

**परीक्षाको किसिमः** अन्तर्वार्ता

**आवश्यक न्यूनतम योग्यताः** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**दरखास्तको माध्यमः** ईच्छुक आवेदकले निर्धारित परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वक आवेदन फारम भरी यस गाउपालिकाको प्रशासन शाखामा आवेदन दिनुपर्ने छ ।

**उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखासत दिने अन्तिम मितिः** २०७८/०८/०८ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**दरखास्त दस्तुरः** ४००/- (चार सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थानः** माईजोगमाई गाउँपालिकाको कार्यालय

**सम्पर्क मितिः** २०७८/०८/०८ गते बुधबार

**अन्तर्वार्ताः** सम्पर्क मितिको दिन तोकिनेछ ।

**तलव स्केल तथा सुविधाः** सेवा करार सम्झौता बमोजिम हुनेछ ।

**पुनश्चः** सूचनामा उल्लेख भएबाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**नोटः** थप जानकारीका लागि ०२७४११०४४ वा ९८५२६८५५२१

भागवत प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

info@maijogmaimun.gov.np, maijogmaigaupalika@gmail.com, वेबसाईट : www.maijogmaimun.gov.np